आज मिति २०८२ माघ १९ गते दिउसो १ बजे भेरीगंगा नगर कार्यपालिकाको ९७ औं बैठक भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री यज्ञप्रसाद ढकालज्युको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको बैठककक्षमा तपशिल बमोजिमको उपस्थितीमा बसि देहायबमोजिमका निर्णयहरु पारित गरियो ।

तपसिल :

श्री यज्ञप्रसाद ढकाल, नगर प्रमुख
श्री धनसरा बोहरा, नगर उप-प्रमुख
श्री दिनेश पुलामी वडा अध्यक्ष वडा नं. १
श्री चिरन्जिवी बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री गंगाबहादुर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेमबहादुर सारु, वडा अध्यक्ष वडा नं. ५
श्री लाल सिं बुढाक्षेत्री, वडा अध्यक्ष वडा नं. ६
श्री कर्णबहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पुसे कामी, वडा अध्यक्ष वडा नं. ८
श्री ईश्वर बहादुर पोखेल, का.वा.वडा अध्यक्ष वडा न. ९
श्री विरबहादुर बस्नेत, वडा अध्यक्ष वडा नं. १०
श्री जयबहादुर नेपाली, वडा अध्यक्ष वडा न. ११
श्री राम बहादुर डाँगी, वडा अध्यक्ष वडा न. १२
श्री गणेशबहादुर भण्डारी, वडा अध्यक्ष वडा नं. १३
श्री शेरबहादुर कामी, कार्यपालिका सदस्य
श्री सहविर महर, कार्यपालिका सदस्य
श्री पवित्रा घर्ती, कार्यपालिका सदस्य
श्री गौमाया खत्री, कार्यपालिका सदस्य
श्री खगीसरा पुन मगर, कार्यपालिका सदस्य
श्री मानसिं परियार, कार्यपालिका सदस्य
श्री अमृता वि.सी. विष्ट, कार्यपालिका सदस्य
श्री ओविसरा बस्याल, कार्यपालिका सदस्य
श्री मान बहादुर ठाडा, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

सहयोगी कर्मचारीहरु :

श्री सिता कुमारी थापा, शाखा अधिकृत
श्री सरिता हमाल, सूचना प्रविधी अधिकृत
श्री कुल बहादुर खड्का, प्रशासकीय अधिकृत
श्री कृष्ण बहादुर शाही, कार्यालय सहयोगी

| क्र. सं. | बैठकका एजेण्डाहरु |
| --- | --- |
| १. | योजना तथा कार्यक्रम संसोधन सम्बन्धमा । |
| २. | सडक बोर्डका योजनाहरु सिफारिस सम्बन्धमा । |
| ३. | ऐन कानून कार्यविधी तथा निर्देशिका स्वीकर्त गर्ने सम्बन्धमा । |
| ४. | विविध सम्बन्धमा । |

## मिति २०८२।१०।१९ गतेको ९७औं नगर कार्यपालिका बैठकमा भएका निर्णयहरु:

**प्रस्ताव नं. १ : योजना तथा कार्यक्रम संसोधन सम्बन्धमा ।**

**निर्णय नं. १** : यस भेरीगंगा नगरपालिकाका विभिन्न वडा कार्यालय तथा शाखा कार्यालयबाट प्राप्त भएका आगामी नगरसभामा संसोधन गर्ने योजनाहरुको सम्बन्धमा यहि फाल्गुण २१ गते हुने प्रतिनिधिसभाको निर्वाचन आचारसंहिताका कारण यस अघि तोकेको मितिमा नगरसभा नहुने भएकोले अर्को कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. २ : सडक बोर्डका योजनाहरु सिफारिस सम्बन्धमा ।**

**निर्णय नं. २** : सडक बोर्ड नेपालको पत्र अनुसार आव २०८२।०८३ का लागि यस भेरीगंगा नगरपालिका भित्रका सडकहरुको मर्मत तथा स्तर उन्नती गर्नका लागि रु २३ लाख स्वीकृती भएको र सो रकमको ३० प्रतिशतले हुन आउने रकम रु ९ लाख ८५ हजार ७ सय यस भेरीगंगा नगरपालिकाको सहलगानी हुने गरी कुल जम्मा रु ३२ लाख ८५ हजार ७ सय बजेटका तपशिलबमोजिमका सडक योजनाहरु छनौट गरी स्वीकृतिका लागि सडक बोर्ड नेपालमा सिफारिस गरी पठाउने निर्णय सर्वसम्मतिले पारित गरियो ।

तपसिल

| क्र.सं. | योजनाको नाम | ठेगाना | बजेट रकम रु |
| --- | --- | --- | --- |
| १ | सामाखोरिया देखि ६ नम्बर वडा जोड्ने सडक मर्मत | भेरीगंगा ७ | ४६९३९० |
| २ | छिन्चु जाजररकोट सडकदेखि मैनतडा जाने सडक स्तरोन्नती | भेरीगंगा ८ | ४६९३८५ |
| ३ | विकासपुर मानकोटी टोल देखि शान्तिपुर जाने सडक स्तरोन्नती | भेरीगंगा ९ | ४६९३८५ |
| ४ | वडा कार्यालय जाने सडक स्तरोन्नती | भेरीगंगा १० | ४६९३८५ |

CamScanner

| | | | |
|---|---|---|---|
| ५ | रातीचारदेखि रामघाट झोलुङ्गे पुल जाने सडक मर्मत | भेरीगंगा ११ | ४६९३८५ |
| ६ | गणेशपुर चोक देखि सिस्नेखुटी जाने सडक स्तरोन्नती | भेरीगंगा १२ | ४६९३८५ |
| ७ | तल्लो आँपखोली वडा कार्यालय सडक स्तरोन्नती | भेरीगंगा १३ | ४६९३८५ |

**प्रस्ताव नं. ३ : ऐन, कानून, कार्यविधि तथा निर्देशिका स्वीकृत गर्ने सम्बन्धमा ।**

**निर्णय नं. २:** भेरिगंगा नगरपालिकाका तपसिलबमोजिमका कार्यविधि, नियमावली तथा निर्देशिकाहरुको मस्यौदाउपर दफावार छलफल गरियो साथै उक्त कार्यविधिहरुलाई थप अध्ययन गरी आगामी कार्यपालिका बैठकबाट स्वीकृत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

तपसिल

१. कामुधेनु सुत्केरी भत्ता अनुदान निर्देशिका, २०८२

२. बसपार्क सन्चालन तथा ब्यबस्थापन कार्यबिधि, २०८२

३. सार्वजनिक लेखा समिति गठन तथा सन्चालन निमावली, २०८२

४. हाटबजार सन्चालन तथा ब्यबस्थापन निर्देशिका, २०८२

**प्रस्ताव नं. ४ : विविध सम्बन्धमा ।**

**निर्णय नं. ४ :** यस भेरीगंगा नगरपालिकाको नगरसभाको १७औं अधिवेशन मिति २०८२।१०।२९ गते तोकिएकोमा निर्वाचन आचारसंहिताका कारण अर्को सुचना नभएसम्म स्थगित गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

CamScanner